नेपाल सरकार

भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय

भूमि व्यवस्थापन तथा अभिलेख विभाग

मालपोत कार्यालय

बागलुङ

वेबसाइट:- htt/www.dolm.gov.np/office/73/[illegible]

Email:-baglung@dolma.gov.np

## भू-सेवा केन्द्र सञ्चालन सम्बन्धी सूचना ।

मिति:-२०७७।१०।२९

भूमि व्यवस्थापन तथा अभिलेख विभाग बाट मिति २०७७।१०।१४ गते कान्तिपुर दैनिकमा प्रकाशित सूचना अनुसार यस कार्यालयमा भू-सेवा केन्द्र सञ्चलन निर्देशिका २०७६ लागु गर्न निर्णय भएको व्यहोरा जानकारी हुन आएकोले भू-सेवा केन्द्र स्थापना तथा सञ्चालन गर्नको लागी मालपोत नियमावली २०३६(संशोधन सहित) को नियम २३(क) र २३(ख) बमोजिम योग्यता पुगेका तथा भू-सेवा केन्द्र सञ्चालन निर्देशिका २०७६ को दफा ७ मा तोकिए बमोजिम पुर्वधार पुरा भएका इच्छुक वयक्ति संस्था तथा स्थानिय सरकारले अनुमति लिनको लागी मिति २०७७।१०।२९ देखि २०७७।११।२८ सम्म https//public.dolma.gov.np मार्फत अनलाईन निवेदन पेश गरी सोसंग सम्बन्धीत सक्कल कागजात यस कार्यालयको प्रशासन शाखामा पेश गर्नुहुन सम्बन्धीत सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।

**भू-सेवा केन्द्र अनुमति किसिम र योग्यता निम्न अनुसार हुने छ :-**

| व्यक्तिको हकमा | रजिष्टर्ड संस्थाको हकमा | स्थानिय तहको हकमा | कानून व्यवसायी वा लेखापढी व्यवसाय गर्न प्रमाणपत्र प्राप्त व्यक्तिको हकमा | साधारण प्रयोगकर्ताको हकमा |
|---|---|---|---|---|
| क) नेपाली नागरिक<br>ख) अठार वर्ष उमेर पुरा भएको,<br>ग) कम्प्युटर विषय लिई कम्तिमा प्रविण्ता प्रमाणपत्र तह वा सो सरह उतिर्ण गरेको वा अन्य विषयमा सो सरहको योग्यता भई कम्प्यूटर सम्बन्धी कम्तिमा छ महिनाको तालिम प्राप्त गरेको,<br>घ) प्रचलित कानून बमोजिम स्थायी लेखा नम्वर लिएको,<br>ङ) सेवा केन्द्र सञ्चालनको लागी दफा ७ बमोजिम भौतिक पुर्वधार भएको<br>च) नैतिक पतन देखिने फौजदारी कसूर वा लिखत सम्बन्धी कुनै कसूरमा अदालतबाट दोषी प्रमाणित नभएको । | क) प्रचलित कानून बमोजिम सेवा प्रदायक संस्थाको रुपमा दर्ता भएको,<br>ख) संस्थामा (काम गर्ने जनशक्ति) नेपाली नागरिक भै अठार वर्ष उमेर पुरा भएको,<br>ग) संस्थामा (काम गर्ने जनशक्तिको) योगेयता कम्प्युटर विषयमा कम्तिमा प्रविणता प्रमाणपत्र तह वा सो सरह उतिर्ण गरेको वा अन्य विषयमा सो सरह को योग्यता भई कम्प्यूटर सम्बन्धी कम्तिमा छ महिनाको तालिम प्राप्त गरेको,<br>घ) प्रचलित कानून बमोजिम संस्थाको नाममा स्थायी लेखा नम्वर लिएको,<br>ङ) कर चुक्ताको प्रमाणपत्र<br>च) भू-सेवा केन्द्र सञ्चालनको लागी भू-सेवा सञ्चालन निर्देशिकाको दफा ७ बमोजिमको भौतिक पुर्वधार भएको । | सेवा केन्द्र सञ्चालन गर्न जनशक्ति र पुर्वधार भएको । | क) कानून व्यवसायी वा लेखापढी व्यवसायीको प्रमाणपत्र भएको,<br>ख) नेपाली नागरिक,<br>ग) प्रचलित कानून बमोजिम स्थायी लेखा नम्वर लिएको,<br>घ) कर चुक्ताको प्रमाण पत्र भएको,<br>ङ) भू-सेवा केन्द्र सञ्चालनको लागी निर्देशिकाको दफा ७ बमोजिमको भौतिक पुर्वधार भएको । | प्रयोगकर्ताको आफ्नो जग्गाधनी दर्ता प्रमाण पुर्जा भएको, आफ्नो नाममा भएका जग्गाको कित्ता विवरण भू-सूचना प्रणालीमा अद्यावधिक भएको, तर भू-सूचना प्रणालीमा देखिएको विवरण र जग्गाधनी दर्ता श्रेस्तामा भएको विवरण फरक परी जग्गाधनी पहिचानमा समस्या देखिएमा जग्गाधनीले सम्बन्धित कार्यालयमा गई उक्त अद्यावधिक गराउनु पर्नेछ । |

१. भु-सेवा केन्द्र सञ्चालनका लागी चाहिने पुर्वाधारहरु

१. कम्प्यूटर

२. प्रिन्टर

३. ब्याकअप सिस्टम

४. स्क्यानर

५. भू-सूचना प्रणाली संग कम्प्याटिवल हुने बायोमेट्रिक डिभाइस (Finger print Device), Web Camera, Signature pad

६. Internet Connectivity कम्तिमा 2/2 mbps को Dedicated Line भएको ।

अनुमति पत्रको दस्तुर, अवधी तथा नविकरण सम्बन्धी व्यवस्था

१. साधारण प्रयोगकर्ताले युजर एकाउण्ट खोल्नका लागि सम्बन्धित कार्यालयमा पाँच सय रुपैया दस्तुर बुझाउनु पर्नेछ ।

२. साधारण प्रयोग कर्ताले युजर एकाउण्ट नविकरण नगरेको अवस्थामा अनलाइन प्रणालीमा त्यस्ता प्रयोगकर्ताको पहुँच स्वत निस्कृय हुनेछ । साथै प्रत्यक आ.व मा म्याद भित्रै व्यक्ती र संस्था दुवैले रु ३०००।- दस्तुर बुझाई नविकरण गर्नुपर्नेछ ।

१. भु-सेवा केन्द्र सम्बन्धि अनुमति पत्र लिन देहाय बमोजिमको दस्तुर लाग्नेछ ।

क. व्यक्तिको हकमा तिन हजार रुपैंया

ख. संस्थाको हकमा पाँच हजार रुपैंया

उक्त दस्तुर मालपोत कार्यालय बागलुङको कोड नं. ३३६०१४५०१ खाता नं. ००१०१००००००२००१००१००१ राजस्व शिर्षक ११... मा नेपाल बैंक बागलुङको खाता मा जम्मा गरी सोको भौचर पेश गर्नु पर्नेछ ।

२. भू-सेवा केन्द्र संचालन अनुमति लिन चाहने व्यक्ति वा संस्था ले ०२२०१०००००२००३००००००१ कोष तथा लेखा नियन्त्रक कार्यालय बागलुङको धरौटी खातामा धरौटी वापत देहाय बमोजिमको नगद रकम जम्मा गर्नु पर्नेछ । बैंक ग्यारेण्टीको हकमा चालु आर्थिक बर्षको बाँकी रहेको अवधिमा एक महिना थप गरी कायम हुने कुल अवधी को देहाय बमोजिमको रकम बराबरको बैंक ग्यारेण्टी पेश गर्नु पर्नेछ ।

क. व्यक्तिको हकमा पचास हजार रुपैंया

ख. संस्थाको हकमा दुई लाख रुपैंया

३. स्थानिय तहलाई भु-सेवा केन्द्रको अनुमति लिन र नविकरण गर्न कुनै दस्तुर लाग्ने छैन ।

भु-सेवा केन्द्र संचालनको अनुमति पत्रको अवधि एक आर्थिक वर्ष को हुने छ । तर पहिलो पटक सुचना प्रकाशित भएको हकमा असार मसान्त सम्म हुनेछ ।

बैंक तथा वित्तिय संस्था सहकारी, कर्मचारी संचयकोष नागरिक लगानिकोष जस्ता संस्थाहरुले धितो बन्धक राख्न र फुकुवा प्रयोजनका लागिमात्र आफ्नो प्रधान कार्यालय रहेको कार्यक्षेत्र भित्रको मालपोत कार्यालयमा अनलाइन निवेदन पेश गरि अनुमति प्राप्त गर्नुपर्नेछ र प्रधान कार्यालयले यसरी अनुमति प्राप्त गरेपछि आवश्यकता अनुसार आआफ्ना शाखा कार्यालयहरु लाई युजर आईडी वितरण गर्न सक्नेछ ।

सूचना अनुसार प्राप्त निवेदनहरुको छानविन एवंम अनुगमन गरि भू-सेवा केन्द्र सञ्चालन निर्देशिका २०७६ को दफा ७ अनुसार अनुमति पत्र जारी गरिनेछ ।

यस सुचनामा उल्लेख नभएका विषयवस्तुका बारेमा भू-सेवा केन्द्र संचालन निर्देशिका २०७६ बमोजिम हुनेछ ।